# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।०६ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

-------------------------------------------------------------------

राजश्व अनुसन्धान विभाग मध्यपश्चिमाञ्चल तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय कोहलपुर अस्थाई चेक पोष्ट अत्तरिया, कैलालीमा कार्यरत नायब सुब्बा नरेन्द्र कुमार साउद र कार्यालय सहयोगी टिकाराम जोशीले भारतको सिमानाबाट साईकलमा सामान ल्याई वेच्ने ब्यापारी(सेवाग्राही) संग मासीक रुपमा घुस लिने गरेको र सोही प्रयोजनले घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कंचनपुरबाट खटिई गएको टोलीले निज राष्ट्रसेवकहरुलाई रु. ४५,०००/- (पैंतालीस हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा निजहरुकै कार्यकक्षबाट मिति २०७४/०५/०५ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवं सूचना अधिकारी